प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# राष्ट्रिय सीप परीक्षण समिति

सानोठिमी, भक्तपुर

**सीप परीक्षण परामर्शकर्ता (Skill Test Counselor) तालिम सम्बन्धी जरुरी सूचना !**

(सूचना प्रकाशित मितिः २०८२/०९/२४)

राष्ट्रिय सीप परीक्षण समितिबाट मधेश, बागमती, लुम्बिनी र कर्णाली प्रदेशहरुमा सीप परीक्षण परामर्शकर्ता (Skill Test Counselor) तालीम संचालन हुने भएकोले तालीममा सहभागी हुन इच्छुक तपसिलमा उल्लेख भए बमोजिमका विषयक्षेत्र योग्यता तथा शर्तहरू पुगेका मूल्याङ्कनकर्ताहरू (Assessors) लाई गुगल फारमको लिंङ्क

Link for Madhesh https://forms.gle/D1dG1C9PqzJoiZeM7

Link for Bagmati https://forms.gle/ytniGzYjDvtoHtaPA

Link for Lumbini https://forms.gle/LcdQaosECufQX51r9

Link for Karnali https://forms.gle/oE6R2XkX5wWQ61wZA

मा दिइएको विवरणहरू सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र अनलाइन फारम भर्न अनुरोध गरिन्छ। थप जानकारीको लागि मोबाइल नं. ९८५११९६३९६४ र ९८५११९२७०८० मा सम्पर्क गर्नुहुन अनुरोध छ।

**विषय/पेशाहरु** :- ब्युटिसियन, कन्स्ट्रक्सन मेसन, प्लम्बर, वेल्डर, बिल्डिङ पेन्टर, टाईल मार्बल फिक्सर, सेल मोबाईल फोन रिपेयर टेक्निसियन, कम्प्युटर हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन, रेफ्रिजेरेसन एण्ड एयरकन्डिसन मेकानिक्स, गार्मेन्ट फेब्रिकेटर ।

**तालिमका लागि आवश्यक योग्यता :-**

१. एस.एल.सी./एस.ई.ई. उत्तीर्ण गरी सम्बन्धित पेशा/व्यवसायमा कम्तीमा तह २ को सीप परीक्षण प्रमाण पत्र प्राप्त गरेको वा प्रि-डिप्लोमा वा सो भन्दा माथिको योग्यता हासिल गरेको ।

२. सीप परीक्षण मूल्याङ्कनकर्ता तालिम लिइ कम्तीमा १ पटक सीप परीक्षण मूल्याङ्कनकर्ता (Assessor) वा व्यवस्थापक (Manager) भई कार्य गरेको ।

**फाराम साथ पेश गर्नुपर्ने कागजातहरु :-**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

२. शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि।

३. सीप परीक्षणको प्रमाणपत्रहरुको प्रतिलिपि।

४. मूल्याङ्कनकर्ता (Assessor) वा व्यवस्थापक (Manager) भई कार्य गरेको नियुक्ति पत्रको प्रतिलिपि।

५. मूल्याङ्कनकर्ता (Assessor) वा व्यवस्थापक (Manager) तालिमको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

६. राष्ट्रिय सीप परीक्षण समितिबाट प्रदान गरिएको मूल्याङ्कनकर्ता परिचय पत्र (ID Card) को प्रतिलिपि।

७. उल्लेखित प्रदेशको नागरिकता बाहेकको हकमा कार्यरत कार्यालय वा बसोबास गरेको प्रदेश भन्दा बाहिरी जिल्लाको नागरिकता भएमा सो प्रदेशमा कार्य गरेको भनि सम्बन्धित निकायको सिफारिस पत्र।

८. TITI बाट तालीम (ToT/IS) लिएको भए तालीमको प्रमाणपत्रको प्रतिलिपी।

९. लक्षितवर्ग मा पर्ने आवेदकहरुको हकमा सो को प्रमाणपत्रको प्रतिलिपी।

## तालिम अवधि :-

१. परामर्शकर्ता (Counselor) तालिमको अवधि दैनिक ८ घण्टाको दरले ३ दिनको हुनेछ ।

## तालिम शर्तहरु :-

१. परामर्शकर्ता तालिममा सहभागी हुन चाहने व्यक्ति सम्बन्धित प्रदेशमा कार्यरत हुनुपर्नेछ ।

२. तालिममा सहभागी हुनका लागि गुगल लिङ्कमा अनलाइन आवेदन फाराममा उल्लेखित सम्पूर्ण विवरणहरु भरेको हुनु पर्नेछ ।

३. तालिमका लागि छनौट भएका सहभागीलाई टेलिफोन मार्फत जानकारी गराइनेछ ।

४. तालिम अवधिभर सक्रिय रुपमा सहभागी भई तालिम सम्पन्न गर्ने सहभागीलाई मात्र परामर्शकर्ताको प्रमाणपत्र दिइनेछ ।

५. तालिम सम्पन्न भएपश्चात् राष्ट्रिय सीप परीक्षण समिति वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, प्रदेश कार्यालयले सीप परीक्षण परामर्श कार्यका लागि खटाएको जुनसुकै समयमा पनि उपलब्ध हुनुपर्नेछ ।

निर्देशक